हाम्रो बाणगङ्गा बुलेटिन

वर्षः२०८१ | अंकः२ | महिनाः असोज | पानाः ४

# पिपरा अस्पतालबाट शल्यक्रिया सेवा शुभारम्भ

## न्यूनतम सेवा मापदण्डमा प्रदेशकै उत्कृष्ट बन्दै पिपरा अस्पताल



कपिलवस्तु नगरपालिका वाड न २ कि ३२ वर्षकी (पहिले २ ओटा अप्रेसन मार्फत सुत्केरी भएकी तेस्रो अप्रेसन गर्नुपर्ने) महिलाको सफल शल्यक्रिया मार्फत सुत्केरी सेवा सुरुवात भएको छ ।

उक्त अप्रेसनको टिममा चिकित्सकद्वय डा. सरस्वती भट्टराई, डा. गणेश क्षेत्री, एनेस्थेसिया सहायक राधा कोइराला, अप्रेशन थिएटर नर्सिङ रबिना हिराचन, कल्पना पौडेल र सहयोगी चक्र सिङ्जाली लगायतको टिमबाट अप्रेसन सफल भएको हो । यससँगै अस्पतालका अन्य चिकित्सकहरु डा. तेजेन्द्र चौधरी, डा. आदेश रायमाझी, डा. सुदिप पौडेल र सम्पूर्ण फाँट प्रमुखज्यु लगायतको व्यवस्थापनमा सहभागिता रहेको थियो ।

यस अस्पतालको सञ्चालक तथा संरक्षकको भूमिकामा रहनु भएका नगर प्रमुख श्री चक्रपाणी अर्यालले शल्यक्रियामा संलग्न हुने सबै चिकित्सक तथा अन्य स्वास्थ्य कर्मीहरुलाई धन्यबाद सहित हार्दिक आभार व्यक्त गर्नुभएको थियो ।

त्यसैगरी यही भाद्र २७ र २८ गते पिपरा अस्पतालको न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard-MSS) परीक्षण भएको छ। लुम्बिनी प्रदेश, स्वास्थ्य निर्देशनालयको आयोजना र निक साइमन्स ईन्स्टिच्युटको सहयोगमा अस्पतालहरुको सुदृढीकरण तथा गुणस्तर सुधार कार्यक्रम अन्तर्गत यस आर्थिक वर्ष २०८१/०८२ को न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard - MSS) मूल्याङ्कन तथा समीक्षा कार्यक्रममा ६८% अंक सहित लुम्बिनी प्रदेशका प्राथमिक अस्पतालहरु मध्ये पिपरा अस्पताल सर्वोत्कृष्ट घोषणा भएको छ ।






२०८१ भदौ २७ र २८ गते भएको मूल्याङ्कनमा स्रोत व्यक्तिको रुपमा आउनुभएको स्वास्थ्य निर्देशनालयका निमित्त निर्देशक कम्युनिटि फिजिसियन डा.अच्युत न्यौपानेज्यूले उक्त घोषणा गर्नु भएको हो । त्यसैगरि अन्य स्रोतव्यक्तिको रुपमा जनस्वास्थ्य अधिकृत तथा MSS फोकल पर्सन अस्मिता नेपालज्यू, न्यूनतम सेवा मापदण्डको कार्यन्वयन अधिकृत सन्देश पौडेलज्यू तथा निक साइमन्स ईन्स्टिच्युटको लुम्बिनी प्रदेश संयोजक सुशिल बस्नेतज्यूले मूल्याङ्कन गर्नु भएको थियो ।

## सम्पादकीय

*नेपालको संविधानले परिकल्पना गरेको सहकारितामुलक संघीयता, संविधानमा उल्लेखित एकल तथा साझा अधिकारका क्षेत्रहरू हामीहरुले स्वीकृत गरेका ऐन, नियम, निर्देशिका, कार्यविधि मापदण्ड तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ र संघ, प्रदेश, विषयगत मन्त्रालयबाट प्राप्त परिपत्र तथा निर्देशनका आधारमा यस बाणगङ्गा नगरपालिकाले आ.व. ०८१/०८२ को नीति कार्यक्रम तथा बजेट स्वीकृत गरी कार्ययोजना सहित कार्यान्वयनमा जुटेको छ ।*

*स्वीकृत नीति कार्यक्रम तथा बजेटको कार्यान्वयनको चरणमै "ब्राण्ड बाणगङ्गा, विलिभ बाणगङ्गा" भन्ने मूल ध्येयलाई कार्यान्वयन गर्न सामाजिक विकासका क्षेत्रहरु स्वास्थ्य, शिक्षा, लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका कार्यक्रम अभियानकै रूपमा लगिएको छ । भौतिक पूर्वाधार तथा संस्थागत विकासको क्षेत्रमा बोलपत्र आह्वान तथा उपभोक्ता समूह गठनको चरणमा छ । कार्ययोजना बमोजिम कार्यसम्पादनका छिटा बाछिटा लक्षणहरू प्रथम त्रैमासिक भित्र देखिएकोले थप कार्यसम्पादनमा समन्वयका साथ जुट्न सम्पूर्ण जनप्रतिनिधिहरु र कर्मचारी वर्गमा अनुरोध गर्दै समग्र नागरिक क्षेत्रमा सहयोग सुझाव तथा सल्लाहको अपेक्षा गरिन्छ ।*

### नगरभित्र विभिन्न संस्थाहरुद्वारा सञ्चालित एम्बुलेन्सको सम्पर्क नम्वरहरु

| सि.नं. | संचालक संस्थाहरुको नाम | सम्पर्क नम्बर |
|---|---|---|
| १ | पिपरा अस्पताल | ९८४७०३६५८६ |
| २ | नेपाल रेडक्रस सोसाईटी-बाणगङ्गा | ९८४७०३३०५३ |
| ३ | शान्ति श्रृजना युवा नेपाल | ९८५७०३६४८९ |
| ४ | बाणगङ्गा यातायात व्यवसायी समिति | ९८५७०५४२५५ |
| ५ | सि एण्ड सि अस्पताल | ९८५७०१६४११ |
| ६ | कपिलवस्तु जेसिस | ९८५७०५००२२ |



*पिपरा अस्पतालका विरामीलाई पोषणयुक्त खाद्य सामाग्री उपलब्ध गराउँदै नगर प्रमुख*

## पिपरा अस्पताल..............

अस्पतालको संरक्षकको रुपमा रहनुभएका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूले यस न्ययूनतम सेवा मापदण्डला बढाउँदै लैजान नगरपालिकाको हर प्रयास रहने र पिपरामा कार्यरत सबै कर्मचारीहरुले यसलाई महत्वपूर्ण उपलब्धिको रुपमा लिँदै यसको अंक घट्न नदिने र अंक प्राप्त गर्न नसकेका सूचकहरुलाई समेटेर समीक्षा गर्नुपर्ने बताउनु भएकोछ साथै ति सूचकहरुलाई क्रमशः पूरा गर्दै जान आफूले नेतृत्वदायी भूमिका निभाउने बताउनुभएको छ ।

साथै आर्थिक वर्ष २०८०/०८१ को यस पिपरा अस्पतालको सर्वोत्कृष्ट कर्मचारीको रुपमा लामो समय देखि कार्यरत कार्यलय सहयोगी राम बहादुर टन्डनज्युलाई सम्मान पत्रका साथ दोसल्ला ओडाई सम्मान गरिएको छ ।

# नगरका २५ सहकारीमा पाईन्छ रासायनिक मल

सङ्घीय सरकारबाट यस नगरपालिकाको नाममा कृषि सामग्री संस्था लिमिटेड तौलिहवा, कपिलवस्तु तथा साल्ट ट्रेडिङ कृष्णनगरबाट अनुदानमा प्राप्त रासायनिक मल नगरपालिकाको कृषि बिकास शाखामा दर्ता भई सञ्चालनमा रहेका ११ वटा वडाका २५ वटा कृषि सहकारी संस्थाहरु मार्फत स्थानीय कृषकहरुलाई वितरण गरिएको छ ।

कृषि सहकारी संस्था लिमिटेडले नाफा मुखि भन्दा पनि सेवा मुखि तरिका बाट कारोवार भईरहेको कुरा कृषि सहकारी संस्थाहरुको अनुगमनबाट प्राप्त प्रतिवेदनमा देखिएको छ। बाणगङ्गा नगरपालिकाको क्षेत्र अन्तर्गत रहेका अनुदानको रासायनिक मल नेपाल सरकारको नियमानुसार तथा क्षेत्रगत बाँडफाँड अनुसार बिक्रि बितरण गरिरहेको पनि पाईएको छ ।

अनुदानको रासायनिक मल सम्बन्धी विवरणः

| वडा नं. | सहकारी संख्या |
|---|---|
| १ | २ |
| २ | २ |
| ३ | १ |
| ४ | ५ |
| ५ | ५ |
| ६ | २ |
| ७ | १ |
| ८ | २ |
| ९ | १ |
| १० | २ |
| ११ | २ |
| जम्मा | २५ वटा |

यस क्षेत्रमा रहेका सहकारी मुकामबाट २ कि.मि. देखि २० कि.मि. को दुरी सम्म रहेका छन् दक्षिणमा सबैभन्दा टाढा पटना र उत्तरमा टाढा भलवाड सम्म रहेका छन् ।

बाणगङ्गा नगरपालिकामा करिव ४० प्रतिशत किसानले नेपाल सरकारले दिएको अनुदानको रासायनिक मल मार्फत खाद्यान्न /तरकारी फलफूल/ तेलहन /दलहन तथा अन्य बाली आफ्नो जमिनमा प्रयोग गरेको पाईन्छ । यस क्षेत्रमा करीब ८५ प्रतिशत जमिनमा खेती रहेको पाईन्छ भने यस क्षेत्रका जनताको मुख्य पेसा नै कृषि रहेको छ । यस क्षेत्रमा मुख्य गरी धान / गहुँ/ मकै / तरकारी / तेलहन तथा दलहन बालीलाई मुख्य बालीको रुपमा लिइएको छ ।

मिति २०८१।०४।०७ गते देखि २०८१।०४।२९ गतेसम्म विभिन्न मितिमा नगरपालिका कार्यक्षेत्र भई सञ्चालनमा रहेका कृषि सहकारी संस्थाहरुको अनुगमन कार्य सम्पन्न गरिएको छ । नगर उपप्रमुख रीता कुमारी चौधरी ज्यूको संयोजकत्व र कृषि विकास शाखाको समन्वयमा नगर भित्र सञ्चालित २५ वटा सहकारी संस्थाहरुको अनुगमन गरिएको थियो ।

अनुगमनको क्रममा अधिकांशमा सहकारीहरुको गोदामको अवस्था ठिक नभएको, कुनै कुनै सहकारीले मूल्यसूची टाँस नगरेको, त्यस्तैगरी, कतिपय सहकारीहरुले अनुदानमा प्राप्त रासायनिक मल आफ्ना शेयर सदस्यहरुलाई कोटा तोकी वितरण गर्दै आएको भेटिएको थियो भने केही सहकारीहरुको बोर्ड वा ब्यानरहरु विभिन्न कारणले जीर्ण भई नबुझिने तथा नदेखिने ठाउँमा राखिएको , संस्थाका ४ खाताहरु अद्यावधिक गरी नराखेको पाईयो। अनुगमनको क्रममा भेटिएका यस्ता कमिकमजोरीहरुलाई सुधार्न सरोकारवालाहरुलाई ध्यानाकर्षण गराईएको थियो ।

| क्र.स | अनुगमन गरिएका सहकारी संस्थाहरुको विवरण |
|---|---|
| १ | सिनर्जी बहुउद्देशीय |
| २ | सयपत्री कृ.स.लि |
| ३ | छिमेकी कृ.स.सं.लि |
| ४ | समावेशी कृ.स.सं.लि |
| ५ | कृषि तथा पशु बिकास बहुउदेश्यिय कं स लि |
| ६ | साना किसान कृ.स.सं.लि |
| ७ | साना किसान कृ.स.सं.लि |
| ८ | जनसेवा कृषि सहकारी सं लि |
| ९ | कोठी नदी कृषि सहकारी सं लि |
| १० | पटना कृषि सहकारी सं लि |
| ११ | सुपादेउराली कृषि सहकारी सं लि |
| १२ | हाम्रो दिगो कृषि सहकारि स्था लि |
| १३ | बरवा कृषि सहकारी सं लि |
| १४ | साना किसान कृषि सहकारी सं लि |
| १६ | मयूर कृषि सहकारी सं लि |
| १७ | गगौलिया गौतरीया कृषि सहकारी सं लि |
| १८ | जनमैत्री कृषि सहकारी सं लि |
| १९ | जनसेवा बहुमुखी सहकारी सं लि |
| २० | लोकप्रिय कृषि सहकारी सं लि |
| २१ | दिव्य ज्योती महिला बहुउदेश्यिय कृषि सहकारी सं |
| २२ | मधौलिया कृषि सहकारी सं लि |
| २३ | नवदुर्गा कृषि सहकारी सं लि |
| २४ | मौरी पालन तथा मह उत्पादक कृषि सहकारी सं लि |
| २५ | कानुङ कृषि सहकारी सं लि |

## नगरको हालसम्मको आन्तरिक राजस्व

| वडा नं. | राजस्व रकम |
|---|---|
| नगरपालिका | ८८,२३,८१३.६६ |
| १ | ९,८६,०५०.७५ |
| २ | १२,३४,१२८.७६ |
| ३ | ६,९४,०१७.६० |
| ४ | ११,११,०६१.२० |
| ५ | ५,९९,९६७.०८ |
| ६ | ४,३८,८९६.६३ |
| ७. | ९,१९,८७६.१५ |
| ८. | १४,५५,१९७.८२ |
| ९. | ८,३८,६६९.१७ |
| १०. | ३,९४,६८६.०० |
| ११ | १०,७०,९७८.१९ |
| जम्मा | १,८५,६७,३४३.७७ |

# बाणगङ्गाको शैक्षिक योजना निर्माण हुँदै

बाणगङ्गा नगरपालिकाको ५ वर्षीय शिक्षा योजना निमार्ण गरी कार्यान्वयन गर्ने उद्देश्यले मिति २०८१/०४/७ गते शिक्षा योजना सम्बन्धी परिचयात्मक गोष्ठी सुरु भएको थियो । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी को निर्देशन तथा यस नगरपालिकाको शैक्षिक विकासलाई योजनाबद्ध तवरले अगाडि बढाउने लक्ष्यका साथ आगामी पाँच वर्षका लागि नगरको शैक्षिक गुणस्तर सुधारका लागि एक योजना निर्माण गर्ने चरणको सुरुवात भएको छ। यस कार्यको लागि युएसए आइडी र युनिसेफ मार्फत कालिका स्वालम्ब सामाजिक केन्द्रको समेत प्राविधिक सहयोग रहने गरी यसै आर्थिक वर्षभित्र योजना निर्माण गरी आगामी आर्थिक वर्षको सुरुवातसँगै कार्यान्वयनमा लैजानका लागि सरोकारवाला बीचमा अभिमुखीकरण सम्पन्न गर्दै योजना निर्माणको कार्यतालिका सहित एक कार्यदलको गठन कार्य सम्पन्न भएको छ। सोही गोष्ठी मार्फत उपप्रमुख रीता कुमारी चौधरीको संयोजकत्वमा ९ सदस्यीय योजना निर्माण कार्यदल गठन भएको थियो । बाणगङ्गा नगरपालिकाका सामाजिक विकास समितिका संयोजक श्री बिष्णु गिरी, सेवा निवृत्त उपसचिव श्री बाबुराम भट्टराई, जनता मा.वि. पिपराका प्रधानाध्यापक श्री रमेश पन्थी, बाणगङ्गा मा.वि. लौगाईका प्रधानाध्यापक श्री कुलराज पौडेल, सिद्धार्थ क्याम्पसका प्राध्यापक श्री रोमाकान्त घिमिरे, योजना शाखा प्रमुख श्री शान्तराज आचार्य, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख श्री शुसिला पन्थ लगायत सदस्यमा रहनुभएको छ भने शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख श्री खिम बहादुर जि.सी. सदस्य सचिवमा रहनु भएको छ ।

यसैगरी मिति २०८१/०४/१० र ०४/१५ गतेका दिन कार्यदलको बैठक बसी योजना निर्माणको खाका तयार पारिएको र योजनाको लागि आवश्यक शैक्षिक तथ्याङ्कहरु माग गर्नको लागि फारमको डिजाईन गरिएको साथै योजना निर्माणको लागि कार्यतालिका तय गरिएको थियो । योजना निर्माणकै सम्वन्धमा मिति २०८१/०४/२२ र २३ गते नगरमा रहेका शैक्षिक संस्थाका प्र.अ. हरुको २ दिने सुझाव सङ्कलन कार्य गरीएको थियो ।

# बाणगङ्गा प्रज्ञा प्रतिष्ठानद्वारा कविता प्रतियोगिता सम्पन्न



बाणगङ्गा प्रज्ञा प्रतिष्ठानको आयोजनामा २०८१ साउन २४ गतेका दिन **अन्तराष्ट्रिय साक्षरता दिवस** मनाईएको छ । सो सँगै दिवसको अवसरमा **"शिक्षक कविता प्रतियोगिता"** समेत सम्पन्न भएको छ । प्रतिष्ठानका संयोजक श्री बालाराम ज्ञवालीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको प्रमुख आतिथ्यता र नगर उपप्रमुख श्री रीता कुमारी चौधरी र प्रमुख प्रशासकीय अधिकृत श्री भक्तिराम मरासिनी समेतको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि श्री चक्रपाणी अर्यालले बोल्दै शिक्षक कविता प्रतियोगिता जस्तो महत्वपूर्ण कार्यक्रममा पनि यति न्यून सहभागिता हुनुले साहित्यको गुणस्तर स्थापित गर्न नसकेको हो कि भन्ने आभास भएको बताउनुभयो साथै यस्ता कार्यमा विभिन्न विधाका व्यक्तिहरुलाई आकर्षित गर्न साहित्यमा गुणस्तर वृद्धितर्फ ध्यान दिनु पर्ने, सबैलाई आफ्नो साहित्य कला राम्रो लाग्दछ तर आफ्नो साहित्यले अरुलाई कतिको आकर्षण गर्न सक्यो भन्ने कुरा साहित्यकारले ध्यान दिनुपर्ने र साहित्यमा गुणस्तर सुधारको लागि बाणगङ्गा साहित्य प्रतिष्ठानले महत्वपूर्ण भूमिकामा रहेर कार्य गर्नुपर्ने बताउनु भएको छ ।

कार्यक्रममा तीन सदस्यीय मूल्याङ्कन समितिका संयोजक साहित्यकार ज्ञानराज अर्याल, सदस्य मदन प्रसाद घिमिरे र सदस्य कृष्ण पाण्डेद्वारा गरिएको संयुक्त मूल्याङ्कनबाट प्राप्त नतिजा अनुसार शिक्षकद्वय लालमणी अधिकारी प्रथम, लेखनाथ घिमिरे द्वितिय, खेमराज भट्टराई तृतीय र मोहन पन्थी सान्त्वना स्थान हासिल गर्न सफल हुनुभएको थियो । उक्त कार्यक्रममा विभिन्न विद्यालयका शिक्षकहरुले भाग लिएका थिए । कार्यक्रम प्रतिष्ठानका सदस्य श्री ऋषिकेषव भार्द्धवाजको सञ्चालनमा भएको थियो ।

# बाल दिवस- वक्तृत्वकला प्रतियोगिता




बाल दिवसको अवसरमा **"सफल र असल जीवनका लागि शिक्षा"** विषयक आधारभूत तह स्तरीय वक्तृत्वकला प्रतियोगिता कार्यक्रम मिति २०८१/५/२८ गतेका दिन सम्पन्न भएको थियो । कार्यक्रममा बाणगङ्गा नगरभित्रका सामुदायिक र संस्थागत विद्यालयका जम्मा २७ जना विद्यार्थीहरुको सहभागिता रहेको उक्त प्रतियोगितामा पुरस्कृत हुनेहरुमा ज्ञानपुन्ज बोर्डिङ स्कुलका छात्र संकल्प भुसाल, बाल माध्यमिक विद्यालयकी छात्रा नाइशा अधिकारी, बाणगङ्गा माध्यमिक विद्यालय लौगाईकी छात्रा प्रतिष्ठा भन्डारी र जनता माध्यमिक विद्यालयको छात्र दर्शन आचार्यले सान्त्वना स्थान प्राप्त गर्न सफल भएका थिए ।

उक्त कार्यक्रम नगरपालिकाको सभाहलमा सम्पन्न भएको थियो । कार्यक्रममा कार्यबाहक नगर प्रमुख रीता कुमारी चौधरीको अध्यक्षता, प्रमुख अतिथि निमित्त प्रमुख प्रशासकीय अधिकृत राजकुमार तिवारी र विशिष्ट अतिथिहरुमा नगरपालिकाका विभिन्न शाखाका शाखा प्रमुखहरुको उपस्थिति रहेको थियो । त्यस्तै गरी उक्त वक्तृत्वकला प्रतियोगितामा मूल्याङ्कनकर्ताको रुपमा पूर्व उपसचिव बाबुराम भट्टराई, प्रशासन शाखा प्रमुख केशबराज भट्टराई र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख शुसिला पन्थ रहनु भएको थियो भने कार्यक्रमको सञ्चालन शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख खिम बहादुर जि.सि.ले गर्नु भएको थियो ।

# सामाजिक सुरक्षा नविकरण विवरण

| नविकरण विवरण | | छुट भएको | आ.व. ०८१-८२ को पहिलो त्रैमासिकका लागि थप भएका नयाँ लाभग्राही |
|---|---|---|---|
| समुह | संख्या | संख्या | संख्या |
| अन्य जेष्ठ नागरिक | ४९३३ | ८५ | ११९ |
| जेष्ठ नागरिक दलित | ३१७ | १० | १८ |
| जेष्ठ नागरिक एकल महिला | ६८१ | २८ | १२ |
| विधुवा | १५०८ | ७८ | ५३ |
| पूर्ण अपाङ्गता भत्ता | १४० | २ | ४ |
| अति अशक्त अपाङ्ग भत्ता | ४७० | १४ | २३ |
| क्षेत्र तोकिएका बालबालिका | ५४४१ | २४० | ३४१ |
| दलित बालबालिका | ३७० | २२ | १८ |
| लोपोन्मुख जाती | ३४ | २ | १ |
| जम्मा | १३८९४ | ४८१ | ५८९ |

## श्रावण भाद्र महिनाका महत्वपूर्ण गतिविधिहरु

| क्र.सं. | कार्य विवरण |
|---|---|
| १. | आर्थिक वर्ष २०८१।०८२ को कार्यतालिका स्वीकृत गरी कार्य सम्पादन अगाडी बढाईएको । |
| २. | नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत बिच कार्यसम्पादन सम्झौता सम्पन्न । |
| ३. | प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु बिच कार्यसम्पादन सम्झौता सम्पन्न । |
| ४. | कर्मचारीहरुको कार्य विवरण सार्वजनिक गरिएको । |
| ५. | मौरीघार, औषधी, मेशिनरी खरिद र सार्वजनिक निर्माण गरी ३५ वटा ठेक्का ई-बिड मार्फत भईसकेको र ९ वटा सम्झौता प्रक्रियामा रहेको। |
| ६. | जिन्सी निरीक्षण कार्य सम्पन्न भएको र आन्तरिक लेखापरीक्षण सम्पन्न भएको । |
| ७. | पिपरा अस्पतालमा पोष्टमार्टम सेवा, शल्यक्रिया सेवा शुरु गरिएको । |
| ८. | बिउविजन अनुदानको लागि सूचना आव्हान गरिएको । |
| ९. | पिपरा अस्पतालमा आवश्यक थप जनशक्तिको पदपूर्तिको लागि सूचना आव्हान गरिएको । |
| १०. | नगर दररेट स्वीकृत गरिएको । |

## आयुर्वेद औषधालयद्वारा घुम्ति सेवा गाउँघर क्लिनिक सञ्चालन



आयुर्वेद गाउँघर क्लिनिक तथा नसर्ने रोग व्यवस्थापनः २०८१ आयुर्वेद सेवा नपुगेका क्षेत्र, इलाका र समुदायसम्म सेवा विस्तार तथा नसर्ने रोग रोकथाम तथा न्यूनीकरण गर्ने उद्देश्य बाणगङ्गा नगरपालिका आयुर्वेद शाखाले विगत केहि वर्ष देखि बाणगङ्गा नगरपालिका, कार्यपालिकाको आर्थिक सहयोगमा सञ्चालन हुँदै आइरहेको छ । आयुर्वेद शाखाले प्रत्येक महिनाको ५ र २१ गते परिवार नियोजन केन्द्र, ओदारी, १३ र २७ गते मनोहरापुर खोप केन्द्र, मनोहरापुर र १५ र २९ गते गजेहडा स्वास्थ्य चौकी, गजेहडामा आयुर्वेद गाउँघर क्लिनिक सञ्चालन गर्दै आइरहेको छ ।

आयुर्वेद गाउँघर क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रमबाट विशेषगरी ग्याष्ट्रिक, गानो, गोला, वात रोग, युरिक एसिड, जोर्नी दुख्ने, पाइल्स, फिसर, श्वास-कास, पिनास, टाउको दुख्ने, अनिद्रा, सुगर, प्रेसर, महिलाहरुको सेतो पानी बग्ने आदि जस्ता समस्याहरु लिएर आउने गरेका छन् । आयुर्वेद गाउँघर क्लिनक तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रमबाट २०८१ साल श्रावण महिनामा पुरुष ९९ र महिला २९९ गरी जम्मा ३९८ जना सेवाग्राही लाभान्वित भएका छन् । आयुर्वेद गाउँघर क्लिनक तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रमा बिरामी परीक्षण, परामर्श तथा औषधी वितरण एवं नसर्ने रोग व्यवस्थापनका लागि सुर्य नमस्कार क्यालेण्डर, टेवुल क्यालेण्डर, नसर्ने रोग क्यालेण्डर, नागरिक आरोग्य कार्यक्रम हाते पुस्तिकाको माध्यमबाट स्वस्थ जीवनशैली अपनाउन तथा योग, ध्यान, प्राणायाम गर्न सुझाव तथा औषधी वितरण गर्दै आइरहेको छ ।

बाणगङ्गा नगरपालिका आयुर्वेद शाखाले सार्वजनिक बिदा बाहेक प्रत्येक दिन मोतीपुर आयुर्वेद औषधालय, बोर्डगाउँबाट सेवा दिदै आइरहेको छ । साथै मोतीपुर आयुर्वेद औषधालयबाट कम्तिमा महिनाको २ पटक आयुर्वेद डाक्टरद्वारा चिकित्सक सेवा प्रदान गर्ने उद्देश्यले जनतासँग नगरप्रमुख पाक्षिक आयुर्वेद चिकित्सक सेवा कार्यक्रम तथा व्यवस्थापन अन्तर्गत २०८१ भाद्र महिना देखि प्रत्येक महिनाको ४ र २१ गते चिकित्सकिय सेवा प्रदान गर्ने योजना रहेको छ ।


## बाणगङ्गा मासिक बुलेटिन

**संरक्षक/सल्लाहकार**
श्री चक्रपाणी अर्याल
नगर प्रमुख
श्री रीता कुमारी चौधरी
नगर उपप्रमुख

**प्रधान सम्पादक**
श्री भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

**बुलेटिन सम्पादन मण्डल**
श्री केशबराज भट्टराई
श्री केशबराज गैरे
श्री शान्तराज आचार्य
श्री दिपक पाण्डे

**भाषा सम्पादन**
श्री कुमारी बिन्दु शर्मा

**कम्प्युटर डिजाईन**
श्री दीपक थापा

प्रकाशक:
बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल
सम्पर्क: ०७६-५५०३८३; ०७६-५५०४७९
इमेल: bangangamun@gmail.com
info@bangangamun.gov.np
बेभसाईट: www.bangangamun.gov.np
फेसबुक पेज: HBMBanganga
गुगल प्लस कोड: M5QF+48


### हालसम्मको अपाङ्गता परिचयपत्र विवरण

| वडा | जम्मा | 'क' वर्ग | 'ख' वर्ग | 'ग' वर्ग | 'घ' वर्ग |
|---|---|---|---|---|---|
| १ | ७८ | १२ | ५४ | ८ | ४ |
| २ | ७१ | १४ | ३६ | १४ | ७ |
| ३ | ७३ | ४ | ४७ | १४ | ८ |
| ४ | ७७ | १५ | ४३ | १७ | २ |
| ५ | ६५ | ११ | ३६ | १२ | ६ |
| ६ | ६१ | ११ | ३९ | ९ | २ |
| ७ | ४८ | ७ | २८ | १३ | - |
| ८ | १४९ | २६ | ७५ | ३९ | ९ |
| ९ | ६५ | १७ | ३३ | १२ | ३ |
| १० | ५२ | ५ | ३१ | १२ | ४ |
| ११ | ८५ | ७ | ४२ | २९ | ७ |
| जम्मा | ८२४ | १२९ | ४६४ | १७९ | ५२ |